# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०४।११ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

साविक जिल्ला विकास समितिको कार्यालय हाल जिल्ला समन्वय समितिको कार्यालय, ललितपुरमा कार्यरत खरिदार(प्राविधिक सेवा टेलिफोन अपरेटर सहायक स्तर चौथो तह) रामेश्वर पौडेलले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी कार्यरत रहेकाले कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले बिहार संस्कृत शिक्षा बोर्ड पटना, भारतबाट प्राप्त गरेको माध्यमिक तह उत्तीर्ण गरेको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी खरिदार (प्राविधिक सेवा टेलिफोन अपरेटर सहायक स्तर चौथो तह) पदमा नियुक्ति लिइ लाभ लिएको देखिन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता